# गोदावरी नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## बज्रबाराही, ललितपुर

## बागमती प्रदेश,नेपाल

**गोदावरी नगरपालिका क्षेत्र भित्रको आर्थिक वर्ष ०८३/८४ को लागि विज्ञापन कर संकलन (ठेक्का नं.:- ०१/विज्ञापन कर संकलन/ २०८३/०८४) सम्बन्धी कार्यको बोलपत्र आह्वानको सार्वजनिक सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः-२०८३/०५/०९**

यस गोदावरी नगरपालिकाबाट आर्थिक वर्ष ०८३/०८४ को अवधिका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गतको उपदफा २ (घ) र सोहि ऐनको दफा ६४ उपदफा (१) (ग) बमोजिम तथा यस नगरपालिकाको चालू आर्थिक वर्षको लागि जारी गरिएको आर्थिक ऐन,२०८३ को अनुसूची ७ मा कायम गरेको दररेट बमोजिम गोदावरी नगरपालिका क्षेत्र भित्रको विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाणपत्र लिएका योग्यता प्राप्त इच्छुक व्यवसायी, ठेकेदार/फर्महरुले मिति २०८३/०६/०७ गते कार्यालय समय भित्र बोलपत्र फारम खरिद गरी उल्लेखित आधारमा कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा खुलाई आफैं वा आफ्नो प्रतिनिधिमार्फत मिति २०८३/०६/०८ गते दिउँसो १२:०० बजेसम्म सिलबन्दी बोलपत्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ। उक्त बोलपत्र विद्युतीय माध्यम (E-Bidding:-eGp system) बाट समेत सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मार्फत डाउनलोड गरी तपसिलमा उल्लेखित यस नगरपालिकाको राजश्व खातामा टेण्डर फाराम दस्तुर रकम जम्मा गरि मिति २०८३/०६/०८ गते दिउँसो १२:०० बजे भित्र बोलपत्र पेश गर्न सकिनेछ । दर्ता हुन आएका बोलपत्रहरू (E-Bidding समेत) मिति २०८३/०६/०८ को दिनको १४:०० बजे यस कार्यालयमा खोलिनेछ। बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुल्ने दिन सो कार्य तोकिएकै समयमा हुनेछ। बोलपत्रको साथमा तपसिलमा उल्लेखित विड वोन्ड रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बाणिज्य बैङ्कबाट जारी भएको विड-वोन्ड (Bid Security) बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट एक सय बिस (१२०) दिन म्याद भएको विड-वोन्डको सक्कल प्रति संलग्न राखुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन। कबोल अंकमा मु.अ.कर समेत जोडेरमात्र कुल ठेक्का सम्झौता रकम हुनेछ । ठेक्का सम्झौता रकम सम्झौता गर्दाको बखत एकमुष्ट रकम वा दुई किस्ता गरी रकम बुझाउन सकिनेछ । तपसिलमा उल्लेखित ठेक्काका कर/दस्तुरका दररेट र न्युनतम कबोल अंक निर्धारण गरिएको छ र शर्तहरू बोलपत्र फाराममा संलग्न गरिनुका साथै सूचना पाटी तथा वेवसाइट www.godawarimun.gov.np मा समेत टाँस गरिएको छ। बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने लगायतका ठेक्का सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकासँग सुरक्षित रहनेछ। नेपाल सरकार, बागमती प्रदेश सरकार र यस नगरपालिकाबाट भएका निर्णय, निर्देशिका र शर्तहरु ठेकदारले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ। अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

| सूचना नं. | ठेक्का शिर्षक | न्यूनतम ठेक्का अङ्क (मू.अ. कर सहित) | विड वोन्ड रकम रु. | टेण्डर फाराम दस्तुर | कै. |
|---|---|---|---|---|---|
| ठेक्का नं.:- ०१/ विज्ञापन कर संकलन/२०८३/०८४ | गोदावरी नगरपालिका क्षेत्र भित्रको आर्थिक वर्ष ०८३/८४ को लागि विज्ञापन कर संकलन । | रु.२४,०८,८७२ /- (चौबिस लाख आठ हजार आठ सय बहत्तर मात्र) | रु.१,२०,५००/- (अक्षरुपी एक लाख बिस हजार पाँच सय मात्र) | रु.३०००/- (अक्षरुपी तिन हजार मात्र) फिर्ता नहुने गरी । | |

**बोलपत्र पाइने स्थानः**
गोदावरी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
बज्रबाराही, ललितपुर

**खाताको विवरणः**
राजस्व खाता नं.: - 0412051497865006
बैङ्कः - NIC ASIA, Satdobato, Lalitpur.
धरौटी खाता नं.: - 4141497865524002
बैङ्कः - NIC ASIA,Satdobato, Lalitpur

**थप जानकारीको लागिः**
गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
बज्रबाराही ललितपुर
०१-५५७२५९२

कार्यालयबाट तयार गरिएका शर्तहरु:

१) गोदावरी नगरपालिका बज्रबाराही, ललितपुरको आर्थिक ऐन २०८३ को अनुसूची-७ ले कायम गरेको तपसिल बमोजिम दररेटमा गोदावरी नगरपालिका क्षेत्र भित्रको विज्ञापन कर संकलन गर्नुपर्ने छ ।

विज्ञापन कर

(अनुसूची-७)

व्यवसायिक दृष्टिकोणबाट व्यवसायलाई प्रवर्द्धन, प्रचारप्रसार, सूचना पेश, पम्पलेट, तुल टाँग्न, भित्ते लेखन प्रत्येक सूचना नै नगरपालिका क्षेत्रभित्र हुने विभिन्न किसिमका विज्ञापन हकमा देहाय बमोजिम विज्ञापन कर लगाई असुल गरिनेछ ।

| | | |
|---|---|---|
| १ | फ्लेक्सबाट तयार गरिएका विज्ञापन प्रचार सामाग्रीको प्रति वर्गफिट (प्रति वर्ष) | रु.५०० |
| २ | फ्लेक्सबाट तयार गरिएका विज्ञापन प्रचार सामाग्रीको प्रति वर्गफिट (प्रति दिन) | रु.२० |
| ३ | होडिङ्ग बोर्ड, डि.पी.एस. (D.P.S), 2D, 3D र यस्तै विज्ञापन प्रचार सामाग्रीहरू प्रति वर्गफिट (प्रति वर्ष) | रु.५०० |
| ४ | ग्लोसाइन बोर्ड र यस्तै विज्ञापन प्रचार सामाग्रीहरू प्रति वर्गफिट (प्रति वर्ष) | रु.३०० |
| ५ | डिजिटल बोर्ड, स्कोलिङ्ग, नियोन बोर्डहरुमा गरिने विज्ञापन प्रचार सामाग्रीको प्रति वर्गफिट (प्रति वर्ष) | रु.६०० |
| ६ | निजी पसल/कुनै कम्पनी/फर्मले व्यवसायको नाम मात्र राखी प्रचार गरिएका बोर्डहरू (परिचय पाटी २० वर्ग फिटसम्म) | निशुल्क |
| ७ | सुर्तिजन्य, मदिराजन्य तथा सामाजिक हानी हुने विज्ञापन विषयमा विज्ञापन | पूर्ण निषेध |
| ८ | सरकारी निकाय र विद्यालयहरूको परिचय पाटी | निशुल्क |
| ९ | सामाजिक चेतनामूलक/सन्देशमुलक सार्वजनिक हित अभिवृद्धि गर्ने उद्देश्यले राखेको विज्ञापन फ्लेक्स | निशुल्क |
| १० | सटर पेन्टिङ्ग, वाल पेन्टिङ्ग, गेट राखी विज्ञापन गरेमा प्रति वर्गफिट (प्रति वर्ष) | रु.५० |
| ११ | नगरपालिका क्षेत्र भित्रमा खेलकुद, व्यापार, मेला, रमाइलो मेला लगायतका जुनसुकै प्रकारको मेला, महोत्सव सञ्चालन गर्दा त्यसमा गरिने विज्ञापन (प्रति दिन/प्रति वर्गफिट) | रु.२० |
| १२ | चङ्गा, बेलुन, प्यारासुटवाट गरिने विज्ञापन प्रचार प्रसार सामाग्री (प्रति दिन) | रु. १००० |
| १३ | सार्वजनिक तथा निजी सवारी साधनमा गरिने विज्ञापन (प्रति दिन) | |
| | (क) मोटर/स्कुटर | रु.१०० |
| | (ख) अटो रिक्सा/विद्युतीय रिक्सा/टेम्पो | रु.१५० |
| | (ग) कार/जीप/डेलिभरी भ्यान | रु.२०० |
| | (घ) बस/ट्रक/ट्रिपर | रु.२५० |
| १४ | सार्वजनिक स्थानमा सार्वजनिक निर्माण सहित विज्ञापन गर्ने (सडकको दायाँ बायाँ जग्गा हरियाली प्रवर्द्धन, यात्रु प्रतिक्षालय, बाटिका) (प्रति वर्ष/प्रति वर्ग फिट) | रु.५० |
| १५ | ट्राफिक आइल्याण्डमा गरिने विज्ञापन प्रति गोटा (प्रति दिन) | रु.२०० |
| १६ | ब्यानरमा गरिने विज्ञापन (हस्त लिखित वा प्रिन्ट गरिएको) (प्रति दिन) | |
| | (क) रोडक्रस व्यानर | रु.१०० |
| | (ख) ओभरहेड ब्रिजमा राखिने | रु.१०० |
| | (ग) सवारी साधनमा राखिने | रु.१५० |
| | (घ) गेटमा राखिने | रु.१०० |
| | (ङ) अन्य | रु.१०० |
| १७ | प्रचलित कानून बमोजिम नगरपालिवाट सञ्चालन अनुमतिलिइ नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सञ्चार माध्यमले कुनै विज्ञापनदाताको विज्ञापन गरिदिए वापत प्राप्त शुल्कमा लाग्ने कर | रु. ०.५०% |
| १८ | सार्वजनिक स्थानबाट नदेखिने गरी मल, चलचित्र भवन लगायतका व्यवसायिक भवनहरूको भित्र विज्ञापन प्रचार प्रसारको लागि राखिएको विज्ञापन सामाग्रीको (प्रति वर्गफुट/प्रति वर्ष) | रु.१०० |
| १९ | माथी उल्लेखित विज्ञापन प्रचार प्रसारका लागि नगरपालिकावाट अनुमती प्राप्त गर्दा प्रति अनुमती पत्र शुल्क रकम रु | रु.२००० |

नोटः

क) सम्बन्धित व्यवसाय भएको स्थलमा व्यवसायको नाम, ठेगाना, इमेल तथा वेभ साइट, सम्पर्क नम्बर, खुल्ने तथा बन्द हुने समय, प्रोपाइटरको नाम र नम्बर जस्ता विषय भएको व्यवसायको परिचय रहेको बोर्डलाई मात्र परिचय पाटी बुझ्नुपर्दछ । सो बाहेकका अन्य जुनसुकै आकारप्रकार वा व्यवसाय भएको स्थलमा नभएका बोर्डलाई विज्ञापन बोर्ड मानिनेछ ।

ख) नगरपालिकाको स्वीकृति नलिई कुनै पनि प्रकारको विज्ञापन गर्न पाइनेछैन ।

ग) नगरपालिकाको स्वीकृति लिएर गरिएका विज्ञापन तथा प्रचार सामाग्री स्वीकृती लिएका समय समाप्त भए पश्चात विज्ञापन कर्ताले स्वयं हटाउनु पर्नेछ वा पुनः स्वीकृति लिनुपर्ने छ ।

घ) कुनै विज्ञापन एजेन्सी, फर्म वा कम्पनीले सुर्तिजन्य, मदिराजन्य तथा सामाजिक हानी हुने विज्ञापन विषयमा विज्ञापन तथा प्रचार प्रसार गर्न पूर्ण रूपमा निषेध गरिएको छ ।

ङ) निजी पसलहरुमा कुनै पनि फर्म वा कम्पनीले आफ्नो नाम, लोगो राखी विज्ञापन प्रचार प्रसार गरिएका बोर्डहरू (परिचयपाटी) को शुल्क सम्बन्धित कम्पनीले व्यहोर्नु पर्नेछ अन्यथा सम्बन्धित पसल धनीहरूबाट असुल उपुर गरिने छ ।

२. फर्म वा कम्पनी दर्ता गरेको प्रमाण पत्र साथै नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि, मू.अ.करको दर्ता प्रमाण पत्रको प्रतिलिपि र आ.व.२०८१/०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, बोलपत्र फारम दस्तुर एन आई शी एशिया बैंकको शाखा कार्यालय सातदोबाटोमा रहेको यस कार्यालयको आन्तिरक राजश्व खाता नं. ०४१२०५१४९७८६५००६ एवं धरौटी वापतको रकम एन आई शी एशिया बैंकको शाखामा रहेको धरौटी खाता नं. ४१४१४९७८६५५२४००२ मा जम्मा गरेको भौचर वा राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि १२० दिन म्याद रहेको जमानत पत्रसाथ यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन (मिति २०८३/६/०७)को कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

३. शिलवन्दी बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिदेखि ३०औं दिन (मिति २०८३/६/०७) गतेको कार्यालय समयभित्र खरिद गरी ३१औं दिन २०८३/०६/०८ का दिन १२:०० बजेसम्म बुझाइ दर्ता गरिसक्नु पर्नेछ र सोही दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहबरमा खोलिनेछ । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४. आफैं वा आफ्नो प्रतिनिधिमार्फत मिति २०८३/०६/०८ गते दिउँसो १२:०० बजेसम्म सिलबन्दी बोलपत्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ। उक्त बोलपत्र विद्युतीय माध्यम (E-Bidding:-eGp system) बाट समेत सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट **www.bolpatra.gov.np/egp** मार्फत डाउनलोड गरी उल्लेखित यस नगरपालिकाको राजश्व खातामा टेण्डर फाराम दस्तुर रकम जम्मा गरि मिति २०८३/०६/०८ गते दिउँसो १२:०० बजे भित्र बोलपत्र पेश गर्न सकिनेछ ।

५. ठेक्का कबोल रकम अङ्क र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्ने छ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन। कबोल अंकमा मु.अ.कर समेत जोडेरमात्र कुल ठेक्का सम्झौता रकम हुनेछ ।

७. बोलपत्र स्वीकृत भई सम्झौता हुँदा प्रचलित वातावरण संरक्षण ऐन तथा नियमावली लगायत अन्य प्रचलित ऐन/नियमहरु प्रावधानहरु, सम्झौताका शर्त तथा बन्देज समेत पालना गर्नुपर्नेछ ।

८. सम्झौतामा उल्लेखित किस्ता रकम समयमा नै दाखिला नगरेमा बाँकी रकममा १० (दश) प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुलउपर गरिनेछ । यस सम्झौता बमोजिम भएको ठेक्का सम्झौतामा कुनै किसिमको मिनाहा वा छुट दिइने छैन ।

९. संझौतामा उल्लेखित रकम एकमुस्ट वा दुई किस्ता गरि बुझाउन सकिनेछ यदि दुई किस्ता गरि सम्झौता रकम बुझाउने भएमा सम्झौता रकमको ५० प्रतिशत रकम पहिलो किस्ता रकम सम्झौता गर्दाको बखतमा नै नगरपालिकाको बैंक खातामा नगद जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ र दोस्रो किस्ता रकम २०८३ माघ मसान्तसम्म यस नगरपालिकाको बैक खातामा रकम जम्मा गर्नुपर्नेछ र दोस्रो किस्ता बाँकी रकमको लागि २०८४ साल साउन मसान्त सम्म अवधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त बाणिज्य बैंकको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

१०. ठेक्का कार्यसँग सम्बन्धित कार्यको सहजीकरण गर्ने जिम्मेवारी स्वयं बोलपत्रदाताको नै जिम्मेवारी हुनेछ । अन्य कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

११. ठेक्कासँग सम्बन्धित कार्य गर्दा बालश्रम प्रयोग गर्न पाइने छैन र वातावरणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाउने छैन ।

१२. ठेक्का स्वीकृत भएपछि सम्झौता नगर्ने प्रस्तावदातालाई अर्को १ आर्थिक वर्षको लागि कालो सूचीमा राखिने एवं अर्को आ.व. मा यस नगरपालिकाको कुनै पनि ठेक्कामा निजको प्रस्ताव स्वीकृत गरिने छैन । साथै निज प्रस्तावदाताले पेश गरेको विड वोण्ड रकम जफत गरिनेछ ।

१३. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने अधिकार नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई हुनेछ । साथै शर्त सहितको ठेक्का स्विकार गरिने छैन ।

१४. ठेक्का स्वीकृत भई सम्झौता भएपछि बोलपत्रादाता आफैंले कर असुली/आम्दानी बील छापी, नगरपालिकाबाट प्रमाणित गराई एवं छाप लगाएर मात्र बिल जारी गर्न पाइनेछ साथै हरेक महिनामा विज्ञापन कर संकलन गर्न प्रमाणित गराएको बिलको एक प्रति अर्धकट्टी बिल समेत यस नगरपालिकामा पेश गर्नुपर्ने छ र बिना भ्याट बील कर संकलन गर्न पाइने छैन ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय

१५. नगरपालिकाको काबुभन्दा बाहिरको कारणले ठेक्का सञ्चालन हुन नसके वा अन्य कुनै कारण देखाई ठेक्का वापतको रकम मिनाहा माग वा छुट दावी गर्न पाइने छैन ।

१६. सरकार वा सरकारी निकायद्धारा कालोसूचीमा परेका वा यस नगरपालिकाको बक्यौता नतिरेको बोलपत्रदाताको बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्रदाताले कालो सूचीमा नपरेको व्यहोरा स्वघोषणा गर्नुपर्दछ । म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

१७. ठेक्काको समयावधि ठेक्का स्वीकृत भई सम्झौता भएको मितिदेखि २०८४ साल असार मसान्त सम्म रहनेछ ।

१८. नेपाल सरकारलाई प्रचलित ऐन, कानुन बमोजिम बुझाउनुपर्ने कर, दस्तुर, दोश्रो पक्षले बुझाउनुपर्नेछ ।

१९. नेपाल सरकार र नगरपालिकाको नीति निर्देशनमा रही ठेक्का सञ्चालन गर्नुपर्नेछ । सो विपरीत कार्य गरी हानी नोक्सानी भएमा हानी नोक्सानीको बिगो बराबरको रकम दोश्रो पक्षबाट नगरपालिकाले असुल उपर गर्न सक्नेछ । साथै सोही कार्य बारम्बार दोहोऱ्याएमा ठेक्का समेत तोड्न सकिनेछ ।

२०. नेपाल सरकार वा गोदावरी नगरपालिकाको नीति, नियममा संशोधन भई ठेक्का सञ्चालनमा अवरोध हुन जाने अवस्था आएमा नगरपालिकाले ठेक्का रद्ध गरी सञ्चालन भएको अवधिसम्मको दामासाहीले हुने रकमलाई ठेक्का अंक कायम गरी सोही बमोजिम हरहिसाब फरफारक गरिनेछ । तर दोश्रो पक्षको कारण ठेक्का रद्ध गर्नुपर्ने अवस्था आएमा यो दफा आकर्षित हुनेछैन ।

२१. इजाजत प्राप्त कम्पनी/फर्म र गोदावरी नगरपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा गोदावरी नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

२२. बोलपत्र फारामको प्रत्येक पानामा फर्मको छाप र आधिकारिक व्यक्तिको हस्ताक्षर हुनुपर्दछ ।

२३. यस सूचनामा तोकेको कुरा यसै सूचना अनुसार र नतोकेको कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ लगायत प्रचलिन कानून बमोजिम हुनेछ ।

२४. एक फर्म कम्पनीको वा संस्थाको नाममा खरिद भएको बोलपत्र अर्को फर्म, कम्पनी वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२५. बोलपत्रको सम्बन्धमा थप केही बुझ्नु परेमा कार्यालकयको वेबसाइट www.godawarimunlalitpur.gov.np मा हेर्न सकिनेछ ।

गोदावरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बज्रबाराही, ललितपुर

बागमती प्रदेश

# बोलपत्र फाराम

यस गोदावरी नगरपालिकाको क्षेत्रभित्र आर्थिक वर्ष २०८३/०८४ अवधिको लागि विज्ञापन कर संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी बोलपत्र आह्वान गरी यस गोदावरी नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/०५/०९ गतेको प्रकाशित सूचना बमोजिम तपसिल अनुसार जम्मा रु............... (मू.अ.कर समेत) (अक्षरुपी ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...) मा ठेक्का लिने मञ्जुरी भएकोले धरौटी बापत रु. ... ... ... ... ... (अक्षरुपी ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...) बैंक भौचर ... ... ... ... ... को बैंक जमानत यसैसाथ संलग्न राखी बोलपत्र पेश गरेको छु ।

ठेक्का अवधिः- ठेक्का स्वीकृत भइसकेपछि सम्झौता गरेको मिति देखि आ.व. २०८३/०८४ को आषाढ मसान्तसम्म

| ठेक्का.नं. | ठेक्का विवरण | कायम गरिएको न्यूनतम ठेक्का अङ्क (मू.अ.कर सहित) | बोल कबोल रु अङ्कमा (मू.अ.कर सहित) | बोल कबोल रु अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|
| ०१/विज्ञापन कर संकलन/२०८३/०८४ | आर्थिक वर्ष २०८३/०८४ का लागि गोदावरी नगरपालिका क्षेत्रभित्र विज्ञापन कर संकलन वापतको आय संकलन कार्य (ठेक्का नं. ०१/विज्ञापन कर संकलन /२०८३/०८४) | रु २४,०८,८७२।- (अक्षरुपी चौबिस लाख आठ हजार आठसय बहत्तर मात्र) | | | |

बोलपत्र जमानत वापतको (Bid Security) रकम रु.१,२०,५००/- (अक्षेरुपी एक लाख बिस हजार पाँच सय मात्र) NIC ASIA Satdobato, Lalitpur खाता नं. ४१४१४९७८६५५२४००२ धरौटी खातामा जम्मा गरेको सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैकवाट जारी सक्कल बैक ग्यारेण्टी एक प्रति संलग्न गरेको छु । ठेक्काको शर्तहरु बारे यस नगरपालिकाबाट मिति २०८३/०५/०९ गतेको प्रकाशित सूचनाका सर्तहरु साथै BOQ साथ संलग्न सर्तहरु मलाई पूर्ण जानकारी छ र सो सर्त पालना गर्न म पूर्ण मञ्जुर छु ।

<u>बोलपत्र दाता व्यक्ति, फर्म, कम्पनी,</u>

नाम,थरः-

स्थायी ठेगानाः-

दस्तखतः-

सम्पर्क नं.

पान र भ्याट नः-

छापः-

फर्मको नामः-

बहादुर खड्का
प्रशासकीय अधिकृत

विषय : **बोलपत्र पेश गरेको बारे ।**

यस गोदावरी नगरपालिकाको क्षेत्रभित्र आर्थिक वर्ष २०८३/०८४ अवधिको लागि विज्ञापन कर संकलन (ठेक्का नं. १/विज्ञापन कर संकलन/२०८३/०८४ सम्बन्धी ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र आह्वान गरी यस गोदावरी नगरपालिका नगर कार्यपाकलिकाको मिति २०८३/०५/०९ गतेको प्रकाशित सूचना बमोजिम तपसिल अनुसार जम्मा रु. .............. (भ्याट समेत) (अक्षरुपी ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...) मा ठेक्का लिने मञ्जुरी भएकोले धरौटी बापत रु. ... ... ... ... ... (अक्षरुपी ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...) बैंक भौचर ... ... ... ... ... को बैंक जमानत यसैसाथ संलग्न राखी बोलपत्र पेश गरेको छु ।

तपसिलः

| विवरण | जम्मा (भ्याट बाहेक) रु. |
|---|---|
| गोदावरी नगरपालिका क्षेत्र भित्रको आर्थिक वर्ष २०८३/८४ को लागि विज्ञापन कर संकलन । | |
| बोलपत्रदाताले कबोल गरेको रकम रु. (अङ्कमा) | |
| बोलपत्रदाताले कबोल गरेको रकम रु. (अक्षरमा) | |

निवेदकः
नामः
बाबुको नामः
बाजेको नामः
फर्मको नाम
ठेगानाः

छापः
मितिः
दस्तखतः